कार्यपालिका बैठक संख्या :- ८९

बैठक मिति :- २०७७।०८।१०

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

निर्णय नं. १

यस इटहरी उपमहानगरपालिका कार्यालयको बा १ भ ९९६ नं. को गाडीले मिति २०७७।०७।१८ गतेका दिन धरान उपमहानगरपालिका स्थित तिनकुने छेउमा को २९ प ९ नं. को स्कुटीमा सवार धरान उपमहानगरपालिका वडा नं. १५ बस्ने तिल कुमार लिम्बुलाई ठक्कर दिई सवारी दुर्घटना हुँदा निज तिल कुमार लिम्बु घाइते भई हाल ग्राण्डी अन्तराष्ट्रिय अस्पताल, काठमाण्डौंमा उपचार्थ रहनु भएको र निजको हाल सम्म उपचार गर्दा रु.९,६५,०००। (नौ लाख पैसठ्ठी हजार) खर्च भएको हुँदा उक्त रकम उपलब्ध गराई पाउँ भनी घाइतेका भाई गोविन्द कुमार चोङबाङ लिम्बुले निवेदन पेश गर्नु भएको सम्बन्धमा घाइते हुनु भएका तिल कुमार लिम्बुको उपचार्थ लागेको खर्च मध्ये हाल रु.५,००,०००। (पाँच लाख) बिमा तथा प्रिमियम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २

यस उपमहानगरपालिका क्षेत्र भित्र प्रचलित कानून बमोजिम नक्सा पास गरेर भवन निर्माण गर्नु पर्नेमा नक्सा पास नगरी बनाइएका भवनहरु तथा नक्सापास गरे पछि स्वीकृत नक्सा विपरित निर्माण भएका भवनहरुको नक्सा पास गरी दिन निरन्तर सर्व साधारणहरुबाट माग निवेदन गरिरहेका सम्बन्धमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४२ को १ (क) (ख) (ग) को व्यवस्था अनुरुप २०७४ साल असोज २९ अगाडी निर्मित घरको नक्सा पासको लागि दरखास्त पर्न आएका त्यस्ता दरखास्त उपर स्थलगत रुपमा प्राविधिक जाँचबुझ गरी तथा साँध सधियार समेत बुझि भवन निर्माण सम्बन्धी राष्ट्रिय मापदण्ड र भवन संहिता पालना भए/नभएको एकिन गरी निम्नानुसार गर्ने ।

(क) २०७४ साल असोज २९ अगाडी बनेका भवनहरुको दरखास्त जाँचबुझ गर्दा भवन निर्माण सम्बन्धी राष्ट्रिय मापदण्ड र भवन संहिताले तोकिएको मापदण्ड पुरा गरेर निर्माण गरेको भए हाल नक्सा पास गर्दा तोकिएको दस्तुरको तेब्बर नक्सा पास दस्तुर लिई नियमित तर्फ भवन निर्माण सम्पन्न प्रमाण पत्र दिने ।

(ख) २०७४ साल असोज २९ अगाडी बनेका भवनहरुको दरखास्तको जाँचबुझ गर्दा भवन निर्माण सम्बन्धी राष्ट्रिय मापदण्ड र भवन संहिताले तोकेको मापदण्ड पुरा नगरेको/मापदण्ड अनुरुप नबनेको भए हाल नक्सा पास गर्दा तोकिएको दस्तुरको तेब्बर दस्तुर लिई पूर्व निर्मित घरको अभिलेखिकरण प्रमाण पत्र दिने ।

(ग) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४२ बमोजिम यो ऐन प्रारम्भ भए पछि अर्थात २०७४ असोज २९ पछि नक्सा पास नगरी बनाईएका भवनहरुको हकमा उल्लेखित ऐनको दफा ३९ बमोजिमको कार्वाही गरी दफा ४१ बमोजिम भत्काउन आदेश दिने र सोही अनुसार कार्वाही हुने ।

प्रतिलिपि

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल

निर्णय नं. ३

चालु आ.ब. २०७७०७८ को लागि नगरसभाबाट स्वीकृत आयोजनाहरु कार्यान्वयन गर्न चालु आ.ब.मा अनुमान गरिएको आय अनुमान गरेको भन्दा ज्यादै कम आउने देखिएकोले चालु आ.ब.मा स्वीकृत आयोजना मध्ये बिनियोजित बजेट्को ५० प्रतिशतले भ्याउने पूर्वाधार तर्फका वडास्तरीय आयोजनाहरु वडा समितिबाट प्राथमिकीकरण गरी पठाउने र नगरस्तरीय तथा बहुबर्षिय आयोजनाहरु नगरपालिकाबाट सोही अनुरुप (बिनियोजित बजेटको ५० प्रतिशत बजेटले पुग्ने) प्राथमिकीकरण गरी प्रथम चरणमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

इटहरी उपमहानगरपालिका वडा कार्यालयहरुबाट कोरोना बिमा भएका व्यक्तिहरुको कोरोना बिमा दावीको प्रमाणित सिफारीस गर्दा तोकिए बमोजिमको सिफारीस दस्तुर लिई सिफारीस दिने निर्णय गरियो ।

निर्णय नं. ५

सेहरा र बुढी खोलाबाट ढुंगा, गिट्टी, बालुवा, मिक्स गिट्टी र भरौट उत्खनन् तथा संकलनको IEE को लागि कार्य सूची (TOR) र Waste to Energy Project इटहरी १० को IEE को लागि कार्यसूची (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

३ नं. वडाका सदस्य श्रीमती धन कुमारी खड्काको पति तेज बहादुर खड्काको मिति २०७७।०८।०१ र १७ नं. वडा सदस्य श्रीमती कन्नी देवी मुसहरको आमा भालुनी देवी मुसहरको मिति २०७७।०८।०६ गते स्वार्गारोहण भएकोमा मृतक प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

प्रमाणित

2077/8/7

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल